...र नगर... कार्यपालिकाको कार्यालय सुन्दरबजार लमजुङ गण्डकी प्रदेश, नेपाल

आज मिति २०८१ साल श्रावण २५ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८१/८२ को पहिलो बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थितिः

| | | | |
|---|---|---|---|
| १ | ठाकुरजी तिवारी | अधिकृतस्तर (दशौं) | |
| २ | विकेन्द्र कुमार पण्डित | " (सातौं) | |
| ३ | कल्पना पौडेल रेग्मी | " (सातौं) | |
| ४ | सुजता मिश्र | सूचना प्रविधि अधिकृत | |

## नगर-कार्यपालिकाको मिति २०८१/४/२५ गतेको आ.व २०८१/८२ को पहिलो बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८१/०३/०४ गते बसेको आ.व २०८१/८२ को तेह्रौं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ४ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

उपभोक्ता समितिबाट विकास आयोजनाको तपसिलको कार्यतालिका बमोजिम योजना सम्झौता कार्यान्वयन, अनुगमन/निरिक्षण, र फरफारक गर्ने निर्णय गरियो ।

| सि.नं | विषय | जिम्मेवार व्यक्ति/समय | सहयोगी व्यक्ति/निकाय | कैफियत |
|---|---|---|---|---|
| १ | योजनाको लागत अनुमान तयार | वडा/नगरपालिका प्राविधिकबाट निरन्तर | सम्बन्धित वडाको वडा अध्यक्ष र वडा समितिबाट | |
| २ | भौतिक निर्माण तर्फका सबै उपभोक्ता समिति गठन र सोको जानकारी नगरपालिकामा पठाईसक्ने | वडा/नगरपालिका प्राविधिकबाट निरन्तर | सम्वन्धित वडाको वडा अध्यक्ष र वडा समितिबाट | |
| ३ | उपभोक्ता समितिलाई अभिमुखिकरण र तालिम | योजना शाखा लगायतका कर्मचारी/विज्ञबाट निरन्तर | लेखा तथा विज्ञ कर्मचारी | |
| ४ | उपभोक्ता समितिले काम गर्ने | भाद्र देखि फागुन मसान्त सम्म/बढीमा ५ महिना | वडा समिति तथा वडा प्राविधिकको प्रत्यक्ष रोहबरमा काम गर्नुपर्ने | तोकीएको समय भित्र काम सम्पन्न गर्ने र भुक्तानी लिने |
| ५ | योजना अनुगमन, जाँचपास तथा फरफारक | सम्पन्न योजनाको फाइल र सूचना प्राप्ती पश्चात | योजना, प्राविधिक र लेखा शाखा | |
| ६ | सामाजिक विकासका कार्यहरु जस्तै शैक्षिक कार्यक्रम, खेलकुद, कृषि, पशुपालन, स्वास्थ्य, लक्षित कार्यक्तमहरु (महिला, दलित, जनजाति , अपाङ्ग, जेष्ठ नागरिक लगायत) | सम्बन्धित शाखाले प्रस्तावना स्वीकृत गर्ने, सो शाखाको अनुगमन हुनुपर्ने र शाखाको सिफारिस सहित प्रतिवेदन पेश गरि भुक्तानीको लागि कार्यालय प्रमुख समक्ष पेश गर्ने | सम्बन्धित विषयगत शाखा प्रमुख तथा शाखामा कार्यरत सम्पूर्ण कर्मचारीहरु र वडा सचिवहरु | |
| ७ | वडा तर्फका खरिद कार्यक्रम | खरिदको काम एकद्धार प्रणाली मार्फत नगरपालिकामा भएको खरिद ईकाईले मात्र प्रचलित नियमानुसार गर्ने | जिन्सी फाँट र खरिद ईकाई समिति | खरिद पश्चात नगरपालिकाबाट सम्बन्धित वडामा हस्तान्तरण हुने र वडाले वितरण गर्ने |

| | समय/मिति |
|---|---|
| योजना सम्झौता | २०८१ असोज मसान्तसम्म (वडा कार्यलयवाट) |
| योजना कार्यान्वयन | २०८१ माघ मसान्तसम्म |
| अनुगमन/निरिक्षण | २०८१ कार्तिक देखी फागुनसम्म |
| फरफारक कार्य सम्पन्न | २०८१ चैत्र मसान्तसम्म । |

**निर्णय नं ३**

आ.व २०८१/८२ को वार्षिक कार्यक्रम अन्तर्गत गण्डकी प्रदेश सरकारको समपुरक अनुदान तर्फ कोइरालाफाँट भागिरथी भञ्ज्याङ्ग सिर्वानीफेदी सु.न.पा १ र १०  जाने मोटरबाटो निर्माणका लागि रु ६० लाख विनियोजन भएकोमा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने रकम रु ४० लाख प्रदेश समपुरक योजनामा थप शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

आ.व २०८१/८२ वार्षिक कार्यक्रम अनुसार तपशिल अनुसारका योजनाहरु वोलपत्र/कोटेशन माध्यमबाट संचालन गर्ने निर्णय गरियो ।

तपशिल

क. मध्यपहाडी लोक मार्ग देखी नगरपालिका कार्यालयसम्मको बाटो ढलान रु. ३० लाख
ख. कोइरालाफाँट भागिरथी भञ्ज्याङ्ग सिर्वानीफेदी सु.न.पा १ र १० रु. १ करोड
ग. फोहरमैला प्रशोधन केन्द्र रु. २ करोड ७० लाख
घ. गढीमालिका जाने पैदलमार्ग निर्माण, सुन्दरवजार नपा-१ लमजुङ, रु ९० लाख
ङ. नेवा खल: सुन्दरवजार वडा नं. ९ भवन निर्माण ५४ लाख
च.कर्मा साम्पालिङ्ग गुम्वा निर्माण सुन्दरवजार नपा ९ रु २७ लाख
छ. लमजुङ जिल्ला सुन्दरवजार सत्रसय-दुराडाडा-अर्चलानि-तुर्जुङ्गो पूरानकोट वाखेजगत सडक स्तरोन्नति रु ४० लाख
ज. वडा नं. ११ सिन्दुरे एक घर एक धारा खानेपानी निर्माण योजना ५० लाख
झ. दुराडाँडा प्रवेश तथा शिक्षाद्वार रु १८ लाख
ञ.हाते ट्याक्टर खरिद ५० प्रतिशत अनुदान रु १० लाख
ट. वहखोला तटबन्धन तथा व्यवस्थापन रु १० लाख

**निर्णय नं ५**

गत आर्थिक वर्ष २०८०/०८१ मा निर्माण भई गत वर्ष र चालु आर्थिक वर्ष २०८१/०८२ मा अद्यावधिक गरिएको प्रारम्भीक वातावतरणीय परिक्षण स्विकृत गरी स्विकृत वातावरणीय परिक्षणले तोकेको परिणाम र गत नगरसभाबाट संशोधित आर्थिक ऐन बमोजिम/गण्डकी प्रदेश सरकारको प्रतिघनफिट ९ रुपैयाँका दरले ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

विधायन समितिबाट पेश भएका तपशिल अनुसारका कार्यविधि उपर दफावार छलफल गरी सुझाव सहित सर्वसम्मत पारित गरियो ।

तपशिल

क.सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८१ पारित सम्बन्धमा ।
ख.सुन्दरबजार नगरपालिकाको सहकारी संस्थाको लेखापरीक्षण मापदण्ड, २०८१ ।
ग.सुन्दरबजार नगरपालिकाको सहकारी नीति, २०८१ (मस्यौदा)

शिशिर पौडेल
प्रशासकीय अधिकृत

**निर्णय नं ७**

गत आर्थिक वर्ष २०८०/०८१ बाट लागी आएको कवाडी ठेक्का कर सो कम्पनीको काम सन्तोषजनक देखिएकोले चालु आर्थिक वर्ष २०८१/०८२ मा पनि सोही कम्पनीसँग रु १ लाखमा सम्झौता नविकरण गरिएकोमा सो सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

आ.व २०८१/८२ मा विपदको कारण क्षति पुगेका लाभग्राहीहरुको निवेदन उपर छलफल गर्दा प्राविधिक अनुगमन पश्चात प्राविधिक प्रतिवेदनका आधारमा क्षतिपूर्ति प्रदान गर्न आगामी कार्यपालिकामा पेश गर्ने साथै वडामा रहेका विपदका निवेदनहरु विपद व्यवस्थापन समितिमा पेश गर्नका लागि समेत सुचित गर्ने निर्णय गरियो । साथै सु.न.पा ११ गैरीगाँउ ठुलोश्वारा मोटरबाटो पहिरोले क्षतिपुगेको हुँदा सो सडक निर्माणका लागि विपद व्यवस्थापन शीर्षकबाट रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट बेरोजगारको सूचीमा सुचिकृत मध्येबाट नपुग शिक्षक उपलब्ध गराउने । साथै ECD मा कार्यरत शिक्षक/शिक्षिकालाई निजको योग्यता र क्षमताका आधारमा विद्यालयमा पढाउन लगाउने निर्णय गरियो ।

**निर्णय नं १०**

वालमैत्री वडा घोषणा गर्ने प्रयोजनका लागि वडा नं. ६, ७, ८ र ९ हरुलाई लक्षित वडा बनाई सुचक कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

कार्यालय कम्पाउण्ड निर्माण कम्पनीलाई कामको कार्यान्वन गर्न पटक पटक पत्र मार्फत ताकेता गर्दा समेत समयमा काम नसकेकोले नियमानुसार आवश्यक कार्वाही प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं १२**

सुन्दरबजार नगरपालिकाको भवन अभिलेखीकरण कार्यविधि,२०७८ अनुसार घर अभिलेखीकरणको प्रक्रिया बाहेकका घरहरुको अभिलेखीकण कार्य बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

सर्वोदय माध्यमिक विद्यालय, सुनपा ३ चन्द्रेश्वर लगायतका केही विद्यालयहरुमा माध्यमिक तथा निम्न माध्यमिक तहको विज्ञान विषय र गणित विषयका शिक्षकहरु करारमा नियुक्ति गर्नका लागि १५ दिनको म्याद राखी पटक पटक सूचना गर्दा पनि अध्यापन अनुमति पत्र सहित योग्यता पुगेका उम्मेदवारहरुको दरखास्त पर्न नआएको,

विज्ञापन अनुसार शैक्षिक योग्यता पुगेका तर अध्यापन अनुमति पत्र नभएका व्यक्तिहरु दरखास्त दिने चाहना सहित विद्यालयको सम्पर्कमा आएका,

विगतमा पनि यस्तै परिस्थिति आउँदा कार्यपालिकाले शिक्षक सेवा आयोगबाट उक्त निर्णय पश्चात हुने पहिलो विज्ञापन अनुसार अध्यापन अनुमति पत्रको नतीजा प्रकाशन भई अध्यापन अनुमति पत्र वितरण शुरु नभएसम्म कायम रहने गरी अध्यापन अनुमति पत्र भएका उम्मेदवार नआई अध्यापन अनुमति पत्र नभएका तर शैक्षिक योग्यता पुगेका उम्मेदवारको मात्र दरखास्त परेमा यस्ता उम्मेदवार बीच मात्र प्रतिस्पर्धा गराई करारमा शिक्षक नियुक्त गर्न सकिने निर्णय गरेको दृष्टान्त रहेको,

उल्लिखित तथ्यहरुलाई आधार मानी गणित, विज्ञान र सँस्कृत विषयको माध्यमिक तथा निम्न माध्यमिक शिक्षक व्यवस्थापनका सम्वन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो :

क) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट स्वीकृत दरबन्दी वा राहत अनुदान वा शिक्षण सिकाइ अनुदानबाट करारमा शिक्षक नियुक्तिका लागि अनुमति प्राप्त भए पछि विद्यालयले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा तथा विद्यालयमा दरखास्त दिन सकिने गरी सूचना गर्ने,

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

ख) गणित वा विज्ञान विषयको माध्यमिक तथा निम्न माध्यमिक शिक्षक पदमा अध्यापन अनुमति पत्र भएका वा नभएका दुवै थरि उम्मेदवारको दरखास्त लिन सकिने,

ग) यस निर्णयको खण्ड ख) बमोजिम अध्यापन अनुमति पत्र भएका तथा नभएका दुवै थरि उम्मेदवारको दरखास्त परेमा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारको दरखास्त शुल्क फिर्ता गरी अध्यापन अनुमति पत्र भएका उम्मेदवारको मात्र दरखास्त स्वीकृत गरी उनीहरु बीच नियम अनुसार प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

घ) यस निर्णयको खण्ड ख) बमोजिम दरखास्त माग गर्दा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरुको मात्र दरखास्त परेमा निजहरु बीच प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई शिक्षक पदमा करारमा लिने,

ङ) शिक्षक सेवा आयोगबाट यस पछि हुने पहिलो विज्ञापन अनुसार खण्ड घ) बमोजिम करार गरिएको शिक्षक सफल भएमा निजलाई निरन्तरता दिन सकिने तर निज असफल भएमा उक्त विज्ञापनको नतीजा प्रकाशन भई अध्यापन अनुमति पत्र वितरण शुरु भएको ३० दिन पश्चात यस्तो शिक्षकको करार स्वत: अन्त्य हुने ।

**निर्णय नं १४**

गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट सञ्चालित क्यालिटी परियोजना अन्तर्गत एप्रेन्टीस सीपमा आधारित औद्योगिक प्रशिक्षार्थी प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि उक्त मन्त्रालयको च.नं १४०८ मिति २०८१/०३/४ गतेको पत्रबाट आह्वान बमोजिम गण्डकी पदेश सरकार र प्राविधिक तथा व्यवसायीक शिक्षा परिषद सँग समन्वय गरी प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि रु १ लाख र पूर्व शिकाई मान्यता परिषणमा आधारीत सिप परीषण कार्यक्रमका लागि रु १ लाख तालिम तथा सीप परीक्षण शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि २०७५ परिमार्जन तथा लागत सहभागिता योजना सचालन कार्यविधि, २०८१ को मस्यौदा निर्माणका लागि निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

ठाकुर जी तिवारी, संयोजक
ऋषिराम पौडेल, सदस्य
अतित खनाल, सदस्य
विकास सेढाई, सदस्य
राजिव घिमिरे, सदस्य सचिव

**निर्णय नं १६**

पशु सेवा शाखाद्धारा प्रदान गरिने तपशिल अनुसारका सेवाहरुमा देहाय बमोजिम शुल्क परिमार्जन गर्ने निर्णय गरियो ।

तपशिल

कुकुर उपचार सेवा शुल्क : रु. २० बाट रु. १००
पशु चौपाया गर्भ परिक्षण सेवा शुल्क : रु. १० बाट रु. १००

**निर्णय नं १७**

सुन्दरबजार नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८० मा व्यवस्था भए बमोजिम भाद्र १५ भित्र टोल विकास संस्था गठन गरी आ.व २०८१/८२ का वार्षिक कार्यक्रमहरु टोल विकास समिति मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८**

असोज मसान्तसम्म गत साल दर्ता भएका नयाँ व्यवसायलाई नविकरण गर्न सूचना आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं १९

सार्वजनिक जग्गा, साविक गा.वि.स., नगर विकास समिति र नगरपालिकाबाट बनेका घर टहराको भाडा उठाउने कार्यका लागि वडामा रहेका सो प्रकृतिका तथ्यांक संकलन पश्चात भाडादर कायम गरि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं २०

आर्थिक वर्ष २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयन गर्न निम्नानुसार आयोजना बैंक पारित गरी प्राथमिकीकताको आधारमा योजना छनौट गरि कार्यन्वयन गर्दै जाने सम्वन्धमा ।

**आयोजना बैंकको बिवरण**

| सि. न. | प्रस्तावित योजनाको नाम | वडा न. | योजनाको प्रकृति | कैफियत |
|---|---|---|---|---|
| १ | हरि दुराको घरदेखी भित्री सिंडी निर्माण | १ | नयाँ तथा मर्मत | |
| २ | पतेनी पाटी, भन्ज्याङ, सुनारगाउँ, गडी कालिका नाली सफाई | १ | मर्मत संभार | |
| ३ | शान्ती मा.बि. देखी भागीरथी नाला सफाई | १ | मर्मत संभार | |
| ४ | कुन्छा फेदी देखी रिपानी नाला सफाई | १ | मर्मत संभार | |
| ५ | गौली पंधेरा देखी अमृत बरालको पसल सिंडी निर्माण | १ | नयाँ तथा मर्मत | |
| ६ | विखैंले देखी गल्दीगरा सिंडी निर्माण | १ | नयाँ तथा मर्मत | |
| ७ | खहरे स्कुल- तिलक स्मृती गेट-प्रकाश पन्तको घर-कुलो सम्मको बाटो | २ | नयाँ तथा मर्मत | |
| ८ | महेन्द्र मन्दिर स्कुलबाट शान्ती एकता टोलसम्मको बाटो | २ | नयाँ तथा मर्मत | |
| ९ | श्री मनकामना प्रा.बि. प्रारम्भिक शिक्षा योजना | ३ | नयाँ | लामीखेत |
| १० | आन्तरिक खानेपानी तथा पैदलमार्ग सुधार | ३ | मर्मत संभार | |
| ११ | आन्तरिक मोटर बाटो तथा नाला निर्माण | ३ | नयाँ तथा मर्मत सम्भार | संगम चोक |
| १२ | शैक्षिक पुरातात्विक पूर्वाधार निर्माण | ३ | नयाँ तथा मर्मत सम्भार | |
| १३ | ठाडोबाटो सिंडी निर्माण | ४ | नयाँ निर्माण/ मर्मत संभार | |
| १४ | स्याउली बगर कुलो निर्माण | ५ | नयाँ निर्माण/ मर्मत संभार | |
| १५ | किरिन्चे कालीमाटी मजुवा कुलो निर्माण | ५ | नयाँ निर्माण/ मर्मत संभार | |
| १६ | निवुटे चौतारा गोरेटो बाटो | ६ | नयाँ निर्माण/ मर्मत संभार | पुरानोडिही टोल |
| १७ | वासबोटे धारा ऐसेलुचौर गोरेटो बाटो | ६ | नयाँ निर्माण/ मर्मत संभार | भैरवदेवी टोल |
| १८ | चाम्वोटे गोरेटो बाटो | ६ | नयाँ निर्माण/ मर्मत संभार | खत्रीठाँटी टोल |

शिशिर पौडेल
...कीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १९ | शिव मन्दिर ऐसेलुचौर चौतारा गारेटो बाटो | ६ | नयाँ निर्माण/ मर्मत संभार | |
| २० | तल्लो ढापको कुलो | ७ | नयाँ निर्माण/ मर्मत संभार | मजुवा |
| २१ | पाँचमुरे कुलो | ७ | नयाँ निर्माण/ मर्मत संभार | |
| २२ | कामीखोला कुलो | ७ | नयाँ निर्माण/ मर्मत संभार | छविसे |
| २३ | मजुवा माझको कुलो | ७ | नयाँ निर्माण/ मर्मत संभार | मजुवा |
| २४ | मजुवा तल्लो कुलो | ७ | नयाँ निर्माण/ मर्मत संभार | मजुवा |
| २५ | सडावर्ट कुलो | ७ | नयाँ निर्माण/ मर्मत संभार | |
| २६ | छरछरे कुलो | ७ | नयाँ निर्माण/ मर्मत संभार | |
| २७ | सुकम्वासी टोल खानेपानी मर्मत | ७ | मर्मत संभार | कटरबोटे सुकुम्वासी टोल |
| २८ | धनबासे पँधेरो संरक्षण | ७ | नयाँ निर्माण/ मर्मत संभार | |
| २९ | मजुवा फाँटको चौतारो मर्मत | ७ | मर्मत संभार | मजुवा |
| ३० | बाटो ढलान तथा नाला सरसफाई | ७ | नयाँ निर्माण/ मर्मत संभार | |
| ३१ | श्री मर्स्याङ्दी आधारभूत विद्यालय प्रारम्भिक शिक्षा योजना | ७ | नयाँ | पाउँदी बजार |
| ३२ | जिमित्रे दोभान गोरेटो बाटो | ८ | नयाँ निर्माण/ मर्मत संभार | |
| ३३ | वडा भित्रका पूर्वाधार मर्मत | ८ | नयाँ निर्माण/ मर्मत संभार | |
| ३४ | गैरी कुवा देखी कटहरबोट् सिंढी निर्माण | ९ | नयाँ निर्माण/ मर्मत संभार | |
| ३५ | वडा भित्रका सडक तथा नाली सरसफाई | ९ | नयाँ निर्माण/ मर्मत संभार | |
| ३६ | वडा भित्रका गोरेटो बाटो मर्मत तथा निर्माण | १० | नयाँ निर्माण/ मर्मत संभार | |
| ३७ | वडा भित्रका पक्की नाला निर्माण | १० | नयाँ निर्माण/ मर्मत संभार | |
| ३८ | भवन तथा अन्य पूर्वाधार मर्मत | १० | मर्मत संभार | |
| ३९ | भिरपानी देखी साउनेपानी ठाडो उकालो बाटो | ११ | नयाँ निर्माण/ मर्मत संभार | |
| ४० | कुसुण्डे देखि साउनेपानी स्कुल ढुङ्गा सम्म सिंडी बाटो निर्माण | ११ | नयाँ निर्माण/ मर्मत संभार | |
| ४१ | वडा भित्रका नाला सरसफाई तथा मर्मत | ११ | मर्मत संभार | |
| ४२ | ठुलो स्वाँरा - फास्रे मोटर बाटो मर्मत | ११ | मर्मत संभार | |

**निर्णय नं २१**

नेपाल पत्रकार महासंघ, लमजुङको १६ औं साधारण सभाको लागि रु २० हजार आर्थिक सहायता शीर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं २२**

सुन्दरबजार नगरपालिका वडा नं १० मा संचालित गरिबसँग विश्वेश्वर कार्यक्रमको सामाजिक परिचालक श्री गंगा थापा भण्डारी ले कामबाट राजिनामा दिएकोले गरिब सँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका दफा १०.३ बमोजिम रिक्त पदमा नियुक्त गर्न श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सैद्धान्तिक स्वीकृतिका लागि लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं २३**

आ.व २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएका विभिन्न प्रकृतिका वेरुजु (असुल उपर गर्ने, नियमित गर्ने र पेश्की) फछ्र्यौटका लागि कार्यालय प्रशासनबाट सम्वन्धित पक्षलाई पत्राचार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं २४**

गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत आ.व २०८१/८२ मा सञ्चालन हुने कार्यक्रमहरु वडा नं ७ र ८ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २५**

यस नगरपालिका सञ्चालनमा रहेको हाडेटार सिँचाई नगर हेरालुका दुई जना हेरालुका लागि मासिक १५ हजारका दरले २ महिना ज्याला करार सेवा शुल्क शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं २६**

सुन्दरबजार अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको गत आ.व.मा छुट भएको रात्री भत्ता वापतको रकम रु १ लाख रकम विविध चालु शीर्षकबाट विनियोजन गरी दिने निर्णय गरियो ।

**निर्णय नं २७**

यस नगरपालिकामा वडा नं ७ मा रहेको लमजुङ कृषि क्याम्पसमा त्रिभुवन विश्व विद्यालयको आंगिक क्याम्पसको रुपमा कृषि विषयमा स्नातक कक्षा संचालन भईरहेको छ। मध्यपहाडी राजमार्ग र डुम्रे-बेशिसहर-मनाङ सहायक राजमार्गको अन्तर्गत पर्ने सो क्याम्पस लमजुङ, तनहुँ, गोरखा र कास्की जिल्लाको केन्द्रमा रहेको साथै सो क्याम्पसको नाममा पर्याप्त मात्रामा भौतिक पूर्वाधार, कृषि योग्य जमिन तथा जनशक्तिहरु रहेको हुँदा उक्त क्याम्पसमा कृषि विषयमा स्नातकोत्तर कक्षा सञ्चालनका लागि शिक्षा मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं २८**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय शासकीय सुधार तथा समन्वय महाशाखाको मिति २०८१/०४/१३ गतेको सूचना अनुसार आ.व २०८१/०८२ का लागि मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि खाद्य सुरक्षा तथा पोषण सुधार परियोजना सम्बन्धी अवधारणापत्र पेश गर्ने र उक्त परियोजनाको कुल लागतको ३० प्रतिशत सम्मको रकम नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं २९**

ग्रामिण सामुदायिक विकास केन्द्र, लमजुङको सहयोगमा तयार गरिएको सुन्दरबजार नगरपालिकाको बाल संरक्षण रणनैतिक योजना तथा समुदायको परिकल्पना पारित गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ३०

सुन्दरबजार सह-लगानी खानेपानी तथा उपभोक्ता संस्थाको निर्माण समितिको तर्फबाट सुन्दरबजार नगरपालिकालाई धनजमानी बसीदिन अनुरोध गरी पत्राचार गरेकोमा सो समितिलाई तपसिलका निर्णय र व्यवस्था सम्बन्धमा स्पष्ट पार्न लेखी पठाउने निर्णय गरियो ।

क. सुन्दरबजार नगरपालिकाको विभिन्न मितिको निर्णय अनुसार जम्मा रु १ करोड ८ लाख विनियोजन गरी समितिका नाममा खर्च पठाएकोमा सो रकम के मा खर्च भएको हो सो को प्रमाणित कागजात ।

ख. खानेपानीका स्थायी सदस्यता वितरणको स्थिती र विधान बमोजिम निर्वाचित कार्यसमितिको नाम ठेगानाको प्रमाणीत प्रतिलिपी ।

ग.सुन्दरबजार सह लगानी खानेपानी समितिको ३ वर्षको समयवधी अगावै नयाँ निर्वाचित समिति बनाउने कार्य योजना ।

घ. परियोजनाको अनुदान र ऋण प्रतिशत एकिन भएको खानेपानी विभाग वा Town Development Fund कार्यालयको पत्रको प्रमाणित प्रतिलिपी ।

ङ. नगरपालिका कार्यालयले लागत जनाउने सँगै धनजमानी पनि बस्नुपर्नाको यथार्थ कारण उल्लेख गरी पठाउन लगाउने

च. नगरपालिका धनजमानी बस्नु पर्ने भए कति रकमको धनजमानी बस्नुपर्ने हो यथार्थ रकम र कानून बमोजिम तिर्नुपर्ने समायावधी एकीन भएको पत्र ।

निर्णय नं ३१

प्रस्तुत विषयमा यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।०४।२४ गते बसेको आ.व २०७९/८० को दोस्रो बैठकको निर्णय नं ७ अनुसार हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार उप स्वास्थ्य चौकी स्तरोन्नती भई सुन्दरबजार अस्पतालको रुपमा सेवा प्रदान गर्दै आइरहेको ।

मिति २०७७/१०/१२ गते बसेको ९३ औं नगर कार्यपालिका बैठकको निर्णय नं ५० अनुसार "लमजुङ जिल्लाको जिल्ला अस्पतालको रुपमा संचालन हुदै आएको, जिल्ला स्वास्थ्य कार्यालय लमजुङको प.सं ०७२/०७३ च.नं ८३९ मिति २०७२/१०/२८ गतेको पत्र अनुसार स्वास्थ्य चौकीबाट १५ शैयाको अस्पतालमा स्तरोन्नति भएको सुन्दरबजार अस्पतालको स्वामित्वमा ३-०-०-० मात्रै जमीन रहेको छ। उक्त सीमित जमीनमा अस्पतालका लागि अत्यावश्यक सेवा उपलब्ध गराउन आधारभूत संरचना निर्माण तथा स्थापनाका लागि जमीन अपुग छ। जसका कारण अस्पतालको आधारभूत संरचना निर्माण स्थापना र सेवा विस्तारका लागि जग्गा प्राप्त गर्नु अत्यावश्यक देखिन्छ । अस्पतालका लागि जग्गा प्राप्ति गर्न प्रचलित कानुनहरुको परिधिमा रही अस्पताल देखि अन्दाजी २०० मिटर दूरीमा एक आपसमा जोडिएको सार्वजनिक गौचरन कि.नं ५५ बाट ७-१-१-०, कि.नं ७४ बाट ५-१४-१-२ र कि.नं २४१ बाट २५-०-०-० गरी जम्मा ३७-१५-२-२ क्षेत्रफल रहेको जग्गाहरु अस्पताल नामको नाममा उपयोज तथा लिजमा उपलब्ध गराउने प्रयोजनका लागि जिल्ला स्तरीय सरकारी तथा सार्वजनिक जग्गा संरक्षण समिति समक्ष सिफारिस गर्ने निर्णय भएको" ।

मध्यपहाडी राजमार्ग र डुम्रे-वेशिसहर-मनाङ सहायक राजमार्गमा पर्ने उक्त अस्पतालको स्तरउन्नती गरी कम्तिमा ५० शैयाको अस्पताल भवन निर्माण, ब्लड बैंक स्थापना, ट्रमा सेन्टर संचालन, मुर्दा घर निर्माण, अस्पतालको फोहोर प्रशोधन केन्द्र, आवास गृह र पार्क लगायतका संरचना निर्माण गर्नुपर्ने भएकोले हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक सुन्दरबजार नगरपालिका ५) मा रहेको साबिक सुन्दरबजार उप स्वास्थ्य चौकीको नाममा ३-०-०-० रोपनी (कि.नं ९३५,९३७ र ९५२) को जग्गा धनी दर्ता प्रमाण पूर्जा रहेको हुँदा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका(पहिलो संसोधन)२०७७ अनुसार भवन निर्माणका लागि हाल सुन्दरबजार नगरपालिका वडा नं ७ (साबिक सुन्दरबजार गा.वि.स ९ र संसोधित साबिक

सुन्दरबजार नगरपालिका ५) मा रहेको कि.नं ५५ क्षेत्रफल ७-१-१-० को जग्गा , कि.नं ७४ क्षेत्रफल ५-१४-१-२ को जग्गा र कि.नं २४१ मध्ये २५-०-०-० क्षेत्रफल गरी जम्मा ३७-१५-२-२ प्रयोग गर्दा तोकिएको मापदण्ड अनुसार पर्याप्त जग्गा हुने देखिएको । सो जग्गा अस्पतालले प्रयोग गर्दा त्यस वरपरको ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक महत्वका स्थलहरुको मौलिकतामा भविष्यमा पनि कुनै असर नपर्ने विषयको सुनिश्चितता र सो जग्गाको संरक्षणमा नगरपालिका पूर्ण प्रतिवद्ध रही ३० वर्षका लागि निःशुल्क लिजमा जग्गा उपयोग गर्ने सम्बन्धमा नगरकार्यपालिकाको बैठकबाट निर्णय भएको तर समितिको निर्णयमा सो विषय उल्लेख नभएको, भूमि सम्बन्धी ऐन २०२१ को दफा ५९(क) बमोजिम जग्गा माग गरेको स्थानमा भवन निर्माणका लागि मापदण्ड अनुसारको न्यूनतम समेत क्षेत्रफल पुग्ने सरकारी जग्गा नभएकोले कि.नं ७४ बाट ५-१४-१-२ को सरकारी (खोल्सी) जग्गा, कि.नं ५५ को क्षेत्रफल ७-१-१-० गौचरन जग्गा र कि.नं २४१ बाट २५-०-०-० रोपनी गौचरन जग्गा गरी जम्मा ३७-१५-२-२ क्षेत्रफल सार्वजनीक जग्गा सुन्दरबजार अस्पतालको भवन निर्माणका लागि सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्वन्धी मापदण्ड २०७७ को दफा ६ बमोजिमको सिफारिस समितिको बैठक बसी सिफारिस गर्नको लागि श्री जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत